# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, भदौ २० गते, २०७९ साल (अतिरिक्ताङ्क १६

## भाग २

गण्डकी प्रदेश सरकार

**<u>अर्थ मन्त्रालयको सूचना</u>**

### सार्वजनिक खरिद सम्बन्धी प्रदेश (दोस्रो संशोधन) नियमावली, २०७९

सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सार्वजनिक खरिद सम्बन्धी प्रदेश (दोस्रो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ को नियम ४ मा संशोधनः** सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ (यस पछी मूल नियमावली भनिएको) को नियम ४ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन् :-

"(१) निर्माण कार्य, मालसामान वा अन्य सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :-

(क) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) दश करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) बीस करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृतस्तर एघारौं तहको विभागीय प्रमुख,

(घ) बीस करोड रुपैयाँ भन्दा बढी रकमको लागत अनुमान सम्बन्धित मन्त्रालयको सचिव।"

(२) "परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः-

(क) बीस लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) पचास लाख रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) एक करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको वा अधिकृतस्तर एघारौं तहको विभागीय प्रमुख,

(घ) एक करोड रुपैयाँभन्दा बढी रकमको लागत अनुमान सम्बन्धित मन्त्रालयको सचिव।"

३. **मूल नियमावलीमा नियम ४क थपः** मूल नियमावलीको नियम ४ पछि देहायको नियम ४क. थपिएको छः-

"४क. **बोलपत्र सम्बन्धी कागजात स्वीकृत गर्नुपर्नेः** बोलपत्र सम्वन्धी कागजात, प्रस्ताव आह्वान सम्बन्धी कागजात तयार भएपछि त्यस्तो कागजात बोलपत्र आह्वान अगावै नियम (४) बमोजिमको अधिकारीले स्वीकृत गर्नु पर्नेछ।"

४. **मूल नियमावलीको नियम ५ मा संशोधनः** मूल नियमावलीको नियम ५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दश करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) बीस करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) पचास करोड रुपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृतस्तर एघारौं तहको विभागीय प्रमुख,

(घ) पचास करोड रुपैयाँ भन्दा बढी रकमको सम्बन्धित मन्त्रालयको सचिव।"

५. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) देहायको परामर्श सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछः

(क) बीस लाख रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) एक करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) पाँच करोड रुपैयाँसम्मको राजपत्राङ्कित प्रथम श्रेणी वा अधिकृतस्तर एघारौं तहको विभागीय प्रमुखबाट,

(घ) पाँच करोड रुपैयाँ भन्दा बढी रकमको सम्बन्धित मन्त्रालयको सचिवबाट।"

६. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

"९. **खरिद सम्झौताको अवधि थप गर्नेः** खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

७. **मूल नियमावलीको नियम ७ मा रुपान्तरणः** मूल नियमावलीको नियम ७ को खण्ड (ख) मा **"आर्थिक मामिला तथा योजना मन्त्रालय"** को सट्टा "अर्थ मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ।

आज्ञाले,

विष्णु प्रसाद शर्मा

प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.१०।-